# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः१ | मितिः २०८०/०३/२६

भाग–२


## लिखु तामाकोशी गाउँपालिका

# कृषक/पशुपालक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८० असार २६ गते**

**प्रस्तावनाः**परम्परागत कृषि प्रणालीलाई विकसित र व्यवस्थित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, बजारिकरण व्यवसायीकरण मार्फत औद्योगिकिकरणको निमित्त कृषक/पशुपालकहरूलाई नयाँ प्रविधि तर्फ आकर्षित र उत्प्रेरित गर्न, सो को अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषक/पशुपालक माझ पुर्याउन कृषक/पशुपालकहरूको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक/पशुपालक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ (ण) र (द) बमोजिमले दिएको अधिकार प्रयोग गरी "कृषक/पशुपालक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०" तयार गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नामः "कृषक/पशुपालक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८० हुनेछ

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागू हुनेछ ख) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "कृषक/पशुपालक समूह" भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यको लागि गठन भएका १५ वा सो भन्दा बढी २५ जना सम्मको कृषक/पशुपालकहरूको समूहलाई बुझाउनेछ।

२. "गाउँपालिका" भन्नाले लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धोबी बजार, रामेछाप लाई सम्झनु पर्दछ।

३. "शाखा" भन्नाले लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कृषि शाखा र पशु सेवा शाखालाई सम्झनु पर्दछ।

४. "अध्यक्ष" भन्नाले यसै कार्विधि बमोजिम गठित कृषक/पशुपालक समूहको अध्यक्षलाई सम्झनु पर्दछ।

५. "उपाध्यक्ष" भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक/पशुपालक समूहको उपाध्यक्षलाई सम्झनु पर्दछ।

६. "सचिव" भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक/पशुपालक समूहको सचिवलाई सम्झनु पर्दछ।

७. "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिम गठित कृषक/पशुपालक समूहको सदस्यलाई सम्झनु पर्दछ।

८. "सेवा केन्द्र" भन्नाले लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट संचालन हुने कृषि तथा पशुपन्छी सेवा प्रसार कार्यको लागि कृषक/पशुपालकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेका कृषि वा पशुपन्छी शाखाको ईकाइ कार्यालयलाई सम्झनु पर्दछ।

९. "कार्यालय प्रमुख" भन्नाले लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

१०. "शाखा प्रमुख" भन्नाले लिखु तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा वा पशुपन्छी सेवा शाखा प्रमुखलाई सम्झनु पर्दछ।

११. "बैठक" भन्नाले कृषक/पशुपालक समूहको बस्ने बैठकला सम्झनु पर्दछ।

## परिच्छेद २
## कृषक/पशुपालक समूह गठन उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले तोके बमोजिम विभिन्न कृषि सम्बन्धी कार्यहरूको सम्पादनका लागि कृषक/पशुपालकहरूका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन कृषक/पशुपालकहरूको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक/पशुपालक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरू मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूमा सेवा प्रवाहका लागि कृषक/पशुपालक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा

कृषक/पशुपालक समूह गठन गर्नु आवश्यक रहेको छ। यस कार्यविधि बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरू निम्न अनुसार हुनेछनः

१. समूह सदस्यहरूको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्र जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

२. समूहमा उन्नत बीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरूको व्यवस्थापन गर्ने,

३. खेतियोग्य जमिनमा सिँचाइको व्यवस्थापन गर्ने

४. प्राङ्गारिक उत्पादनमा जोड दिने।

५. कृषि सामग्री तथा कृषि उपजहरूको बजारीकरणका कार्यहरू गर्ने

६. कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एंव पशु प्रजननका कार्यहरू, पशु आहारा, पशु स्वास्थ्य र पशुपन्छीको बजारीकरण एंव पशु सेवा प्रविधिको प्रसारका कार्यहरू गर्ने।

७. गोठ तथा भकारो सुधार गर्ने।

८. मौरी पालन तथा च्याउ खेती गर्ने।

९. बैमौसमी तथा मौसमी तरकारीहरूको उत्पादन र बजारीकरण गर्ने

१०. नयाँ प्रविधिहरूको परीक्षण गर्ने।

११. सरकारी तथा गैर-सरकारी एंव समुदायमा आधारित निकायहरूसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरू संचालन गर्ने।

१२. जैविक विविधताको संरक्षण, सम्बर्धन र विकासका सबै कार्यक्रमहरूको संचालन गर्ने।

१३. कृषि, वन, वातावरण संरक्षण सम्बर्धन र विकासका सबै कार्यक्रमहरू संचालन गर्ने।

१४. मासिक बचत र परिचालन गर्ने।

१५. समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरू गर्ने।

## परिच्छेद ३
## कृषक/पशुपालक समूह गठन तथा समूह दर्ता

१. **समूहमा कृषक/पशुपालक संख्याः** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरू वा एकै उद्देश्यका लागि कृषि वा पशुपालन गरी आएका वा गर्ने १५ देखि २५ जना सम्मका कृषक/पशुपालकहरू स्वःस्फुर्त रुपमा आफै वा कार्यालयको प्राविधिकको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक/पशुपालक समूह गठन गर्न सकिनेछ। साथै कृषक/पशुपालक समूह गठन गर्दा महिला सहभागीता ५०% हुनुपर्नेछ।

२. **कार्यालयबाट सहजिकरणः** उन्नत कृषि प्रणाली अपनाउनका लागि कृषक/पशुपालक समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुने कृषक/पशुपालकहरूबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक/पशुपालक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन

३. **स्टेशनरी सहयोगः** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम फाइलहरू लगायत स्टेशनरी खर्चका लागि गाउँपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सकिनेछ

**४. समूह दर्ताको लागि निवेदन हुनुपर्नेः** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरूबाट प्रमाणित गरि सम्बन्धित वडा कार्यालको सिफारिस सहित अनुसूची १ बमोजिम निवेदन दिनुपर्नेछ । यस अधि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसंस्थाहरूमा दर्ता भएको समूहको हकमा पूराना प्रमाणपत्रहरू तथा प्रगति देखिने अन्य कागजातहरू समेत संलग्न राख्नु पर्नेछ।

**५. समूहको आफ्नो विधान र छाप हुनुपर्नेः** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसूची २ बमोजिमको सदस्य कृषक/पशुपालकहरूको विवरण संलग्न राख्नु पर्नेछ। समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकुल परिमार्जन गर्ने सकिनेछ ।समूहको आफ्नै छाप हुनुपर्नेछ ।

**६. सर्व सहमति र सहमति, समूहको निर्णयको आकारः** समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरू सर्व सहमतबाट चयन हुनेछन् । कुनै किसिमले सर्वसहमत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरूबाट पदाधिकारीहरू चयन गरिने छन् । यसरी निर्वाचनमा समूहको अनुरोधमा वडा कार्यालयबाट सहजिकरण हुन सक्ने छ ।

**७. समूह दर्ता गर्नुपर्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले आवश्यक प्रकृया पुरा गरेमा अनुसूची ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र प्रदान गरिनेछ । समूह दर्ता गरि कृषक/पशुपालक समूह दर्ता प्रमाण पत्र उपलब्ध गराईनेछ । यसरी वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा निःशुल्क सिफारिस गर्ने र गाउँपालिकाबाट दर्ता प्रमाणपत्र उपलब्ध गराउदा दर्ता गर्दा लाग्ने दस्तुर/शुल्क प्रत्येक वर्ष राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ

**८. समूह दर्ता प्रमाण पत्रः** कार्यालयको निर्णयानुसार दर्ता गरिने कृषक/पशुपालक समूहलाई अनुसूची ३ बमोजिमको ढाँचामा समूह दर्ता प्रमाणपत्र दिईनेछ ।समूह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सो कोअभिलेखीकरण भएको मानिनेछ ।समूह दर्ता भएपछि यस्ता समूहसँग गाउँपालिकाबाट संचालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य तथा सहभागी गराइनेछ ।

**९. नविकरणः** समूह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्रमा समूह नविकरण गर्नुपर्नेछ। त्यसपछिको समयमा तोकिएको नविकरण दस्तुर नियमानुसारको जरिवाना सहित नविकरण गर्न सकिनेछ ।

## परिच्छेद ४
## कृषक/पशुपालक समूह परिचालन

**१. मासिक बैठक बस्नु पर्नेः** समूह गठन पश्चात कृषक/पशुपालकहरू आफ्नो कृषि कार्यहरूका बारेमा छलफल गर्न नियमित रुपमा महिनाको कम्तिमा १ पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ । साथै समूहको आवश्यकता अनुसार अन्य समयमा जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ ।

२. समूह बचत र परिचालनः बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरूले मासिक बचत समेत जम्मा गर्नेछन्। समूह बचत कोषबाट कृषि परियोजनाको लागि विधानले तोकिए बमोजिमको व्याजदरमा सदस्यहरूले ऋण लिन पाउनेछन् ।

**३. समूहको बैक खाता संचालन**ः नजिकको बैंकमा समूहको खाता खोलिनेछ, जसमा समूहको निर्णयानुसार कम्तिमा अध्यक्ष, उपाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा बैंक खाता संचालन गरिनेछ

४. बाली पात्रो/कार्ययोजना तयार गर्ने समूहमा सदस्यहरूले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/वार्षिक) कार्ययोजना तयार गर्नुपर्नेछ । तयार भएको कार्ययोजना अनुसार समूह सदस्यले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्ययोजना अवलम्बन गर्नेछन् ।

**५. समूहको निर्णय समूह पद्धतिमा गरिनुपर्ने**ः समूहमा आईपर्ने प्राविधिक समस्याहरू सम्बन्धित प्राविधिकको सहयोगमा निर्माण गर्नेछन् । समूहमा आईपर्ने अन्य समस्याहरू समूहको निर्णय अनुसार समाधान गर्नुपर्नेछ। सोको हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ

**६. समूहको रेकर्ड**: समूहको एक फाईल कृषि शाखामा रहनेछ जसमा समूहको निर्णय विभिन्न कार्यक्रमहरूमा सहभागी भएको रेकर्डहरू समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहनेछन्। समूहले पनि आफ्ना कृयाकलापहरूको रेकर्ड अद्यावधिक गरि राख्नु पर्नेछ ।

**७. खेति खर्चको विवरण राख्नुपर्ने**ः समूहका प्रत्येक सदस्यले आफुले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भण्डारण, ढुवानी, बजारीकरण लगायतका प्रयोजनका लागि गाउँपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ

**८. प्रगति प्रतिवेदन र समिक्षा**ः समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरूको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरू, परी आएका समस्याहरू समस्या समाधानका लागि गरिएका प्रयास र सोको प्रतिफल, बालीनालीको अवस्था, बालीनाली लगाउँदा भएको खर्च र बाली कटान उपरान्त विक्री गरी भएको आम्दानी आदि कार्यहरूको चौमासिक समिक्षा गर्नुपर्नेछ

**९. समूहमा मेलमिलाप हुनुपर्ने**ः समूहका सदस्यहरूले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समूहका बैठकहरूमा समूहका सदस्यहरूको निजी वैयक्तिक विषयहरू उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषय समेत छलफल गरि सामाजिक सदभाव, सहकार्य साझेदारिता वृद्धिमा योगदान गर्न सक्नेछन् ।

**१०. व्यवसाय दर्ता गर्न सक्ने**ः कृषि कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गर्ने भएकोले समूहका सदस्यहरू मिलेर समूहगत रुपमा संचालन गर्ने कृषि व्यवसाय गाउँपालिकामा दर्ता गर्नुपर्नेछ । कृषि तथा पशुपन्छी व्यवसाय मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरूको बजार व्यवस्थापन**ः समूहले कृषि उत्पादन सामग्रीको व्यवस्थापनको लागि प्रचलित कानुन बमोजिम अनुमति लिई बीउ विजन, प्राङ्गारिक तथा रासायनिक मल, सिँचाईका सामाग्रीहरू, कृषि उपज सँग सम्बन्धित सम्पुर्ण सामग्रीहरूको व्यवस्थापन र व्यापारिक कारोबार गर्न सक्नेछ। त्यसै गरि आफ्नो समूह भित्र वा बाहिर कृषक/पशुपालकहरूले उत्पादन गरेका कृषि उपज सामग्रीहरूको प्रशोधन र बजारीकरणका कार्यहरू समेत गर्न सक्नेछन् ।

**१२. गाउँपालिकाको कार्यक्रममा सरिक हुनुपर्ने**ः कृषक/पशुपालक समूहले गाउँपालिकाबाट संचालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरूलाई सफल पार्न यथाशक्य सहयोग गर्नुपर्नेछ

**१३. अन्तर समूह समन्वय समिति**ः विभिन्न समूहबाट प्रतिनिधित्व गरि अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ। समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहबाट १/१ प्रतिनिधिहरू रहने गरि वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन गरिनेछ ।

**१४. गाउँपालिका कृषक/पशुपालक मूल समिति**: गाउँपालिकामा रहेका कृषक/पशुपालकहरूको संजालका रुपमा गाउँपालिका भित्रका सबै कृषक/पशुपालक समूहहरूका प्रतिनिधिमूलक संस्थाका रूपमा एक गाउँपालिका कृषक/पशुपालक मूल समिति गठन गर्न सकिनेछ । यसको संचालन कार्यविधि तोकिए बमोजिम हुनेछ

**१५. कृषि सहकारीमा परिणत हुने:** कृषक/पशुपालक समूह गठन पश्चात समूहगत अभ्यासहरूको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ। यस्तो अवस्थामा साविक कृषक/पशुपालक समूहले गरेका सबै कार्यहरू सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ

**१६. अन्यलाई पनि ज्ञान बुझाउनुपर्ने:** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समूहले कृषि प्राविधिक र अन्य कृषक/पशुपालकहरूको बीचमा सहजीकरणको कार्य पनि गर्न सक्ने छन् ।

**१७. समूहमा अन्य सामाजिक विषयहरूको सन्दर्भ**: सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदयहरू नेतृत्व विकास उन्नत खेति प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरूमा पनि अभिरूचि लिनेछन् र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन

**१८. समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरू संचालन गर्न सकिने**: गाउँपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक/पशुपालक समूह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी संस्थाहरू, गाउँ तथा टोल समितिहरू, निजी व्यवसायीहरू, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवालाहरू संस्था तथा निकायहरूसँग सहकार्यमा संचालन गर्न सकिनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरूले कृषि तथा पशुपन्छी विकास सँग सम्बन्धित समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका बमोजिम गठित समूह मानिनेछ ।

## परिच्छेद ५
## कृषक/पशुपालक समूहको नियमन र पारदर्शिता

**१. वार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई :** समूहले वार्षिक रूपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ। लेखा परिक्षण प्रतिवेदनको एक प्रति कृषि तथा पशु सेवा शाखामा नविकरण गर्ने समयमा उपलब्ध गराउनु पर्नेछ ।

**२. वार्षिक साधारण सभा**: समूह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक वर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण सभामा वार्षिक कार्यक्रमहरूको प्रगति समिक्षा, वार्षिक आयव्ययको विवरण, आउदो वर्षको कार्यक्रम तर्जुमा लगायत गाउँपालिकाको नियमानुसार सम्पादन गर्नुपर्ने कार्यहरू समेत पारित गर्नुपर्नेछ । यसको एक प्रति प्रतिवेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ

**३.अधिवेशन र विशेष अधिवेशन**: समूहको सर्वोच्च अङ्ग समूहको साधारण सभा हुनेछ । साधारण सभा गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ अन्य संघ संस्थाहरूसँगको समन्वयः समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरू संचालन गर्न सक्नेछ ।

**४. समूहको अनुगमनः** यस गाउँपालिकाको अनुगमन व्यवस्था बमोजिम गाउँपालिकाबाट, वडाबाट एवं गाउँपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरूले कृषक/पशुपालक समूहका क्रियाकलाप एवं समूहका कागजातहरूको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषणहरू उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद ६
## विविध

**१. समूह निष्कृयको अवस्थाः** लगातार ३ महिना सम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरूचि नराखेमा, अन्य विभिन्न कारणहरूले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ। यस्तो अवस्थामा कार्यालयबाट संचालन हुने कृषि विकास कार्यक्रमको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन्।

**२. समूह विघटन हुन सक्नेः** पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दुरूपयोग गरेमा, समूह निष्कृय भएमा समूहको निर्णयानुसार समूह विघटन गरिएमा प्रचलित नियम विपरितका कार्यहरू गरेमा वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ। विघटन पश्चात समूहमा सदस्यहरूबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा व्याज वितरण गरिनेछ।

**३. संशोधनः** आवश्यकता र औचित्याको आधारमा गाउँपालिका गाउँ कार्यापालिकाको निर्णयानुसार यो कार्यविधि संशोधन गर्न सकिनेछ

**४. खारेजीः** यस कार्यविधिमा भएका उल्लेखित कुराहरू प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**अनुसूची-१**
**(परिच्छेद ३ को दफा ४ सँग सम्बन्धित)**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू.
लिखु तामाकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
धोवी बजार, रामेछाप ।
**श्री शाखा प्रमुख मार्फत,**

**विषयः समूह दर्ता गरी पाउँ।**

समूह गठन गरी सामुहिक प्रकृयाद्वारा कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई मिति मा समूह गठन गरेका छौं। समूह गठन र परिचालन बारेमा "कृषक/पशुपालक समूह गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०८०" र प्रचलित कानून बमोजिम कार्य गर्ने छौं, यसै निवेदन साथ संलग्न तपशिल बमोजिमका कागजात पेश गरेका छौं। साथै नियमानुसार समूह दर्ता गरिदिनुहुन अनुरोध छ।

**संलग्न कागजातहरू:**

१. कार्य समितिका पदाधिकारीहरूको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी,
२. कार्य समितिका पदाधिकारीहरुको जग्गा धनी पुर्जा प्रमाण-पत्रको प्रतिलिपि,
३. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपी १,
४. समूहको विधान,
५. अनुसूची २ बमोजिमको समूह सदस्यहरूको विवरण,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस।

निवेदन
दस्तखतः
समूह अध्यक्षको नामः
ठेगाना:
सम्पर्क नं.
समूहको नामः
समूहको छापः

## अनुसूची-२

## (परिच्छेद ३ को दफा ४ सँग सम्बन्धित)

<table>
<tr><td colspan="5">समुहको विवरण</td></tr>
<tr><td>१</td><td colspan="4">समुहको नाम</td></tr>
<tr><td>२</td><td colspan="4">ठेगानाः</td></tr>
<tr><td>३</td><td colspan="4">समुह गठन गरेको मितिः</td></tr>
<tr><td>४</td><td colspan="4">समुह पुनर्गठन मितिः</td></tr>
<tr><td>५</td><td>सदस्य संख्या</td><td>महिला</td><td>पुरुष</td><td>जम्मा</td></tr>
<tr><td>६</td><td colspan="4">नियमित बैठक बस्ने मिति</td></tr>
<tr><td>७</td><td colspan="4">बैठक बस्ने समय र स्थानः</td></tr>
<tr><td>८</td><td colspan="4">मासिक हितकोषको रकम रुः</td></tr>
<tr><td>९</td><td colspan="4">जम्मा हितकोषको रकम रुः</td></tr>
<tr><td>१०</td><td colspan="4">कृषि क्षेत्रमा लगानी गरेको हितकोष रकम रुः</td></tr>
<tr><td>११</td><td colspan="4">हाल सम्म लगानी गरेको रकम रुः</td></tr>
<tr><td>१२</td><td colspan="4">हाल सम्म असुल गरेको रकम रुः</td></tr>
<tr><td>१३</td><td colspan="4">हाल सम्म असुल गर्न बाकी रकम रुः</td></tr>
<tr><td>१४</td><td colspan="4">बैंक वा कुनै सस्थामा जम्मा गरको भए रकम रुः</td></tr>
<tr><td>१५</td><td colspan="4">बैंक तथा संस्थाको नाम</td></tr>
<tr><td>१६</td><td colspan="4">खाता नं.</td></tr>
</table>

**समुहको उद्देश्यहरु**

| | |
|---|---|
| १ | |
| २ | |
| ३ | |

**लक्ष्य तथा परियोजनाहरु**

| | |
|---|---|
| १ | |
| २ | |
| ३ | |

**सदस्यहरुको विवरण**

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**सदस्यहरुको अन्य विवरण**

| क्र.स. | नाम थर | उमेर | शैक्षिक स्तर | जग्गा (रोपनी) | | परिवार सदस्य संख्या | | कृषि पेशामा संलग्न | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सिंचित | असिंचित | म. | पु. | म. | पु. |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**अनुसूची- ३**

**(परिच्छेद ३ को दफा ८ सँग सम्बन्धित)**

**लिखु तामाकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धोबी बजार, रामेछाप**

दर्ता नं. दर्ता मितिः

शाखाः

## कृषक/पशुपालक समुह दर्ता प्रमाण-पत्र

कृषि उत्पादन कार्यलाई टेवा पुर्याउने उद्देश्यले मिति...................................................... मा गठन भएको लिखु तामाकोशी गाउँपालिका वडा नं. ........ स्थित श्री ........................................ समुह यस " कृषक/पशुपालक समुह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८० " बमोजिमको परिच्छेद ३ को दफा ७ अनुसार समुह गठन अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

पछाडीको पेज

| **समुह नविकरणको विवरण** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नविकरण** | | **नविकरण शुल्क** | | | | **शाखा प्रमुख** | **प्रमाणित गर्ने** |
| **नविकरण मिति** | **मान्य रहने अवधि** | **रसिद नं.** | **दस्तुर रुः** | **जरिवाना रुः** | **जम्मा रुः** | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/०३/२६ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(विनोद कुमार अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८०/०३/२६